आज मिति २०८१।०९।१९ गते शुक्रबारका दिन दिउँसो १२:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

CamScanner

मिति: २०८१/०९/१९ गते गाउँ कार्यपालिका प्रमाणित, बैठक नं ५०

प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा।
२. कार्यविधि कानुन निर्माण एवं संशोधन सम्वन्धमा।
३. आगामी आ.व. को आय-व्यय प्रक्षेपण सम्वन्धमा।
४. DPR स्वीकृत सम्वन्धमा।
५. DPR निर्माण सम्वन्धमा।
६. बजेट रकमान्तर सम्वन्धमा।
७. विविध १, २, ३, ४, ५, ६, ७ र ८

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरकुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

सर्कला घलान
अध्यक्ष

मितिः २०८१/०९/१९ गते

गाउँ कार्यपालिका

बैठक नं. ५०

**निर्णयहरु**

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

प्रमाणित

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै सुव्यवस्थित तथा प्रकृयागत तवरले सरोकारवालाहरु समेतको संलग्नतामा कानुनको निर्माण र संशोधनका लागि गाउँपालिकाको विधेयक समिति मार्फत कानुन निर्माण एवं संशोधनको मस्यौदा तयारी र स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने प्रयोजनार्थ देहाय बमोजिमका कानुन निर्माण एवं संशोधनका लागि विधेयक समितिलाई अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै गाउँपालिकाको क्षेत्राधिकार भित्र रहि आवश्यकताको आधारमा कानुन निर्माणका लागि विषयगत समिति, विषयगत शाखा एवं कानुन बमोजिम गठन भएका संयन्त्रहरुलाई विधेयक समिति मार्फत कानुनको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गर्न अख्तियारी प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | स्थानीय तहको योजना तर्जुमा प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| २ | घाँस स्रोत केन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०८१ | निर्माण |
| ३ | बागमती गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| ४ | बागमती गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१ | संशोधन |
| ५ | बागमती गाउँपालिको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८१ | संशोधन |

*निर्णय नं. ०३*

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण १ को बुँदा १.३ बमोजिम आगामी आर्थिक बर्षका लागि अनुसूची २० मा उल्लिखित अनुमानित आयव्ययको प्रक्षेपण गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

अध्यक्ष

मिति: २०८१।०९।१९ गते

गाउँ कार्यपालिका
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फापर, मकवानपुर

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं. ५०

**निर्णय नं. ०४**

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती गाउँ कार्यपालिकाको मिति २०८१।०६।१६ गतेको निर्णयानुसार देहाय बमोजिमका योजनाको डिपिआर तथा प्रस्ताव गाउँ कार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार परामर्शदातृ संस्था छनौट गरी उक्त कार्यहरु गराएको हुँदा पारामर्शदातृ संस्थाहरुबाट आज बसेको गाउँ कार्यपालिकाको बैठकमा डिपिआर तथा प्रस्ताव पेश हुन आएकोले उक्त डिपिआर तथा प्रस्ताव उपर गहन छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

| क.सं. | योजना | परामर्शदातृ संस्थाको नाम र ठेगाना | कबोल रकम (रु.) | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | गुन्द्रुक खोला खानेपानी आयोजना | शान्ता कन्सल्टेन्ट प्रा.लि., ललितपुर नेपाल। | ४,९०,०२४।५० | DPR निर्माण | |

**निर्णय नं. ५**

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. ०८१।८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन एवं बागमती गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमले निर्देश गरेको लक्ष्य हाँसिल गर्न तथा बागमती गाउँपालिका क्षेत्र भित्र सङ्घीय सरकार/प्रदेश सरकार मार्फत कार्यान्वयन गरिने योजना तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने हेतुले चालु आ.व. मा बागमती गाउँपालिकाको योजना तथा कार्यक्रम कार्यान्वयन हुँदा प्राप्त हुने कन्टिन्जेन्सी रकमबाट भुक्तानी हुने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुको डिपिआर एवं प्रस्तावको तयारी गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

| क.सं. | योजना तथा कार्यक्रम | अनुमानित बजेट (रु.) | खर्च शीर्षक | कामको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १ | लखन खहरे पक्की पुल बागमती गाउँपालिका वडा नं. ०३, मकवानपुर | १,५०,०००।- | कन्टिन्जेन्सी | DPR तयारी | |
| २ | नुन बगर खोला पुल निर्माण | ४,००,०००।- | कन्टिन्जेन्सी | DPR तयारी | |

**निर्णय नं. ६**

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ को योजना तथा कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन गर्ने क्रममा हाल कुनै शीर्षकमा बजेट बचत हुने देखिएको र कुनैमा अपुग हुने देखिन आएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ को अधीनमा रहि देहायका योजना तथा कार्यक्रमहरुका शीर्षकहरुबाट बजेट रकम रकमान्तर गर्ने र योजना तथा कार्यक्रम कार्यान्वयन गर्न एवं भुक्तानी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

देहाय

| क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ जाने रकम (रु.) | कायम हुने बजेट (रु.) | क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ आएको रकम (रु.) | कायम हुने बजेट (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गार्ड हाउस तथा न्यायिक समितिको भवन निर्माण कार्य (क्रमागत) | ३८,००,०००।- | ४,००,०००।- | ३४,००,०००।- | १ | झुरझुरे रंगशाला प्यारापिट निर्माण (क्रमागत) | १,५७,६६,०००।- | ४,००,०००। | १,६१,६६,०००। | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

प्रस्तावित विषय नं. ०७ विविध माथि छलफल गर्दा आश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कर्यालय हेटौंडाको पत्र संख्या, ०८१।८२, च नं. १५२३, मिति २०८१/०९/०८ गतेको प्राप्त पत्रानुसार प्रदेश समन्वय परिषद्को निर्णयको बारेमा जानकारी हाँसिल गरी उक्त निर्णयलाई कार्यान्वयनको प्रक्रियामा लैजाने।
२. हेटौंडा उपमहानगरपालिकाद्धारा यस गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक सहजीकरण एवं यहाँका आम नागरिकहरुलाई सुविधा पुगोस् भन्ने हेतुका साथ विपद् व्यवस्थापन र सोको न्यूनीकरणलाई मध्यनगर गर्दै दमकल १(एक) थान तथा कार्यालयको कामकाजमा सरलीकरण गर्दै सहजताका लागि सुमो १(एक) थान र नगर प्रहरीलाई सहज तबरले गस्ती लगायतका सुरक्षा चुनौतीको सामना गर्न पिक अप भ्यान १(एक) गरी ३(तीन) थान सवारी साधन उपलब्ध गराईएकोमा उक्त कार्यको बागमती गाउँ कार्यपालिकाले उच्च प्रसंशा गर्दै आगामी दिनमा आपासी सहयोग आदानप्रदानको प्रतिवद्धताका साथ हेटौंडा उपमहानगरपालिकालाई धन्यवाद ज्ञापन गर्ने।
३. बागमती गाउँपालिका अन्तर्गतका विविध विषयगत लगायतका अन्य समितिहरुले देहायानुसारका मितिमा गरेका निर्णयहरु आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भइ जानकारी हाँसिल गरिएको र उक्त सबै निर्णहरुको अपनत्व ग्रहण गर्दै अनुमोदन गर्ने एवं कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| क्र.सं. | समितिको नाम | निर्णय मिति | कै. |
|---|---|---|---|
| १ | गाउँ विपद् व्यवस्थापन समिति | २०८१।०९।१४ | |
| २ | नदीजन्य पदार्थको गाउँपालिका स्तरीय अनुगमन समिति | २०८१।०९।१४ | |
| ३ | गाउँ शिक्षा समिति | २०८१।०९।१७ र १९ | |
| ४ | बीउ पुँजी परिचालन समिति | २०८१।०९।१६ | |
| ५ | करारमा कृषि स्नातक नियुक्ति सम्वन्धी पदपूर्ति समिति | २०८१।०९।०७ | |

प्रमाणित

गाउँ कार्यपालिका

प्रमुख प्रशासकीय अधिकृत

नं. ५०

मिति: २०८१/०९/१९ गते

४. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश, हेटौंडाको प.सं. सिफारिस-०८१/८२ [illegible], च.नं. १०५, मिति २०८१।०८।१८ गतेको उम्मेदवार सिफारिस गरिएको सम्बन्धिको प्राप्त पत्रानुसार यस गाउँपालिकामा विज्ञापन नं.१०५/२०८०-८१(महिला) मार्फत रिक्त स्थानीय सेवा तर्फ, सातौं तह (प्राविधक), शिक्षा सेवा, शिक्षा प्रशासन समूह, शिक्षा अधिकृत पदमा यो.क्र.नं. ०१ का चन्द्रा देवी शर्मा सिफारिस भइ आउनु भएको हुँदा बागमती प्रदेश सरकारको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा १७ बमोजिम नियुक्ति दिइ पदस्थापना गरी मिति २०८१।०९।१४ गते देखि लागू हुने गरी हाजिर गराई कामकाजमा लगाउने।

५. बागमती गाउँपालिकावाट प्रवाह गरिने सेवालाई चुस्त, सेवाग्राही मैत्री बनाउन बागमती गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका एवं पालिका क्षेत्र भित्रका अन्तर सरकारी कार्यालयहरुबाट सम्पादित कार्यहरुलाई सहजीकरण गर्ने हेतुका साथ देहायानुसार इन्धनको सुविधा उपलब्ध गराउने।

| क्र.सं. | कार्यालय | इन्धनको प्रकृति | परिमाण (लि.) | कै. |
|---|---|---|---|---|
| १ | सबै स्वास्थ्य चौकी (कार्यालय प्रमुख) | पेट्रोल | ७ | मासिक |
| २ | ईलाका प्रहरी कार्यालय फापरबारी बाहेकका प्रहरी चौकीहरु | पेट्रोल | ७ | मासिक |
| ३ | ईलाका प्रहरी कार्यालय फापारबारी | डिजल | १० | मासिक |

६. बागमती गाउँपालिकाको रोजगार सम्वाद मञ्च (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ३ बमोजिम देहायनुसार रोजगार सम्वाद मञ्च गठन गर्ने।

<u>देहाय</u>

| क्र.सं. | नाम, थर | पद | सदस्यता | कै. |
|---|---|---|---|---|
| १ | सर्केश घलान | गाउँपालिका अध्यक्ष | संयोजक | |
| २ | फणिन्द्र कुमार तिमल्सिना | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | ओम वहादुर दर्जी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | कमान सिं पाख्रिन | सामाजिक विकास समिति संयोजक | सदस्य | |
| ५ | जनक वहादुर पहरी | आर्थिक विकास समिति संयोजक | सदस्य | |
| ६ | वच्चु खड्का गोले | गैरसरकारी संस्थाको प्रतिनिधि | सदस्य | |
| ७ | लवाङ लामा लोप्चन | निर्माण व्यावसायि प्रतिनिधि | सदस्य | |
| ८ | | सहकारी संजालको प्रतिनिधि | सदस्य | |
| ९ | दल वहादुर राई | नागरिक समाजको | सदस्य | |

सर्केश घलान
अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिनिधि | | |
| १० | विवेक सिङ्तान | संचार समूहको प्रतिनिधि | सदस्य | |
| ११ | | घरेलु तथा साना उद्योग संचालक एवं तालिम प्रदायक संस्थाको प्रतिनिधि | सदस्य | |
| १२ | नगेन्द्र महतो | रोजगार संयोजक | सदस्य सचिव | |

७. बागमती गाउँपालिकाको 'घ' बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ बमोजिम नयाँ इजाजतपत्रका लागि बीर बहादुर थिङ प्रोपाइटर रहने गरी एस.ए कन्स्ट्रक्शन प्रा.लिले पेश गरेको आवेदन, आवश्यक कागजातहरु र प्राविधिक प्रतिवेदन एवं समितिको सिफारिस समेत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त सबै प्रकृयालाई स्वीकृत गरी इजाजतपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

८. सहयोग र सरोकार नामक गत विगतमा पनि यस गाउँपालिकाको समन्वयमा शिक्षा क्षेत्रमा विशेष गरी सरकारी विद्यालयमा अध्ययनरत टुहुरा तथा अपाङ्ग बालबालिकाहरुको लागि शैक्षिक सामग्री एवं छात्रवृत्ति प्रदान गर्ने एवं ग्रामीण क्षेत्रहरुमा अनौपचारिक तथा निरन्तर कक्षाहरु संचालन गरी राज्यको निरक्षरता अन्मुलन लगायतका अन्य कार्यहरु गर्ने उद्देश्यका साथ दुइवटा कार्यक्रमका लागि करिब रु. ४९,३०,०००।-(उनान पचास लाख तीस हजार रुपैयाँ) बराबरको प्रस्तावना पेश हुन आएको हुँदा उक्त कार्यक्रमलाई स्वीकृत गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने।

अध्यक्ष